परियोजनाको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा प्रकाशित

# महिला विचार

## राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धिका लागि

त्रैमासिक बुलेटिन, बर्ष १, अंक १, जनवरी-मार्च २००९



लोकतान्त्रिक महिला मञ्चका सदस्यहरु जिल्ला सहकर्मीसँग छलफल गर्दै, काभ्रे

## यस अंकमा


| | |
|---|---|
| परियोजनाबारे संक्षिप्त जानकारी | ३ |
| महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलनसम्बन्धी महासन्धि (CEDAW) र महिलासम्बन्धी नेपालको कानुन | ४ |
| नेपालको अन्तरिम संविधान, २०६३ मा भएका महिला हक/अधिकारसम्बन्धि प्रावधान | ६ |
| मेक्सिकोदेखि बेईजिङसम्म संक्षिप्त जानकारी | ७ |
| नेपालको अन्तरिम संविधान, २०६३ मा सिमान्तकृत वर्गकोलागि गरिएको व्यवस्था | ८ |
| सिमान्तता र नेपालका सिमान्तकृतवर्ग | ९ |
| संविधानसभा निर्वाचन र महिला प्रतिनिधित्व | १० |
| आदिवासी जनजाति महिलाको सशक्तिकरण | ११ |
| लैङ्गिक मूलप्रवाहिकरण | १२ |




लोकतान्त्रिक महिला मञ्च गठन पछि सहभागीहरु सामूहिक तस्विर खिच्दै, काभ्रे


संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोष

जिल्ला विकास समिति महासंघ नेपाल

विश्व परिदृष्य वकालत मञ्च

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च


CamScanner




**सल्लाहकार समिति**
हेमराज लामिछाने
नवराज अधिकारी
संगीनी राना मगर
परशुराम उपाध्याय

**सम्पादन समिति**
सोनी लामा
नवराज कोइराला
सुरेन्द्र विष्ट

**संयोजक तथा सम्पादन**
यशो कान्ति भट्टचन (गौचन)
कमला गुरुङ

**डिजाईन तथा ले-आउट**
सावित्री तण्डुकार, ९८४१ १६२१२४
राकेश तण्डुकार, ९७४१० ३३०६१

**कालिञ्चोक प्रिन्टिङ्ग प्रेस**
बबरमहल, काठमाडौं
फोन: ४२३० ९३०

# सम्पादकीय

शासनमा महिलाहरुको सम्मानजनक प्रतिनिधित्व र सहभागीताले शासनलाई थप सहभागितामूलक, जवाफदेही बनाउनेमा सन्देह छैन । राजनीतिमा महिलाहरुको उच्चतम सहभागीताले मात्र यस प्रक्रियालाई सार्थक तुल्याउन सक्दछ । नेपालमा विभिन्न कालखण्डमा लोकतन्त्र र जनताको अधिकारका लागि भएका आन्दोलनमा महिलाहरुबाट महत्वपूर्ण भूमिका निर्वाह हुँदै आएको छ । तथापि राजनीति र शासन सञ्चालनमा महिला सहभागीताको स्थिति कमजोर रहेको छ । अझ राजनीति र शासनमा सामाजिक, आर्थिक र साँस्कृतिक आधारमा सिमान्तकृत समुदायका महिलाहरुको सहभागिता झनै न्युन छ । सिमान्तकृत महिलाहरु आफ्नो हक अधिकारको उपभोग गर्नबाट र राज्यद्वारा उपलब्ध हुने सेवा सुविधाबाट समेत बञ्चित रहँदै आएका छन् ।

नेपालको अन्तरिम संविधान २०६३ र नेपाल सरकारबाट राजनीति र शासनमा महिला सहभागीता अभिवृद्धि र समावेशीका लागि सकारात्मक नीतिगत व्यवस्था नभएका होइनन् । तथापि, पुरुष प्रधान सामाजिक सम्बन्धले गर्दा यसको प्रभावकारी कार्यान्वयनमा सन्तोष गर्ने ठाउँ कम छ । ऐतिहासिक संविधानसभाको निर्वाचनमा विगतको तुलनामा महिलाहरुको सहभागितामा केही बृद्धि भएतापनि सिमान्तकृत महिलाहरुको सहभागीता सन्तोषजनक देखिदैन ।

महिलाहरुले आफ्नो हक अधिकारलाई दह्रोसँग आत्मसात गर्ने, त्यसको वकालत गर्ने र आफ्नो आवाज आफैं उठाउन सक्ने सामाजिक पूँजी निर्माण नभएसम्म समग्र विकास असम्भव छ । संविधान निर्माणको यस महत्वपूर्ण घडिमा सिमान्तकृत महिलाहरुका आवाजको सुनुवाई हुँदैनकी भन्ने आशंका व्याप्त छ । यस तथ्यलाई ध्यानमा राखी आफ्ना हक अधिकारलाई उठान गर्न सक्ने तथा राज्यले उपलब्ध गराउने सेवा र सुविधाको उपभोग गर्न सक्ने वातावरण बन्न सकोस् भन्ने उद्देश्यका साथ संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोषको सहयोगमा जिल्ला विकास समिति महासंघ नेपालबाट विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी महिला मञ्चको संयुक्त साझेदारीमा सञ्चालित "नेपालको राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धि" परियोजना अन्तर्गत पहिलोपटक यो बुलेटिन प्रकाशन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । यस अंकमा महिलाको हक, अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन, नेपालको अन्तरिम संविधानमा भएका व्यवस्था लगायत नेपाल सरकारबाट भएका नीतिगत व्यवस्थालाई समेटिएका छन् । आगामी अंकहरुमा सिमान्तकृत महिलाहरुको आवाजलाई नीतिगत तहसम्म पुऱ्याउने उद्देश्य हामीले राखेको छौं ।

**नयाँ बर्ष २०६६ को हार्दिक मंगलमय शुभकामना सहित ।**

प्रकासकीय : यस बुलेटिनमा प्रकाशित लेख तथा विचारहरुले सम्बद्ध संस्थाहरुको आधिकारीक धारणालाई प्रतिनिधित्व गर्दैन ।

CamScanner

# परियोजनाबारे संक्षिप्त जानकारी

नेपालको राजनीतिमा महिलाहरूले विभिन्न समयमा अभूतपूर्व योगदान पुऱ्याउँदै आएका छन्। तापनि उनिहरूको पहुँच राजनीतिमा ज्यादै न्यून रहँदै आएको छ। नेपालको ऐतिहासिक राजनीतिक परिवर्तन पछि सिंगो मुलुक संवैधानिक समावेशी संघियता तर्फ उन्मूख छ। संविधानसभामा नेपाली महिलाहरूको प्रतिनिधित्व उल्लेख्य रहेतापनि सिमान्तकृत महिलाहरूको प्रतिनिधित्व राजनीति तथा हालको संविधानसभामासमेत अत्यन्तै न्यून रहेको छ। राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने अभिप्रायले जि.बि.स. महासंघको अगुवाईमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च र विश्व परिदृश्य वकालतले "राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना" सञ्चालनका लागि संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोषमा प्रस्ताव गरेको थियो।

यो परियोजना जी.बि.स. महासंघको अगुवाईमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च र विश्व परिदृश्य वकालत मञ्चको साझेदारी तथा संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोषको सहयोगमा संखुवासभा, काभ्रेपलाञ्चोक, ललितपुर, बाँके र कञ्चनपुर जिल्लाका छनौट भएका कूल २५ गाउँ बिकास समितिहरूमा सञ्चालन भइरहेकाछन्। परियोजनाले सिमान्तकृत आदिवासी जनजाति, दलित, अल्पसंख्यक तथा ग्रामीण विपन्न समुदायका महिलाहरूलाई आफ्नो कार्यक्षेत्र बनाएको छ भने, परियोजना सञ्चालनका लागि द्वैध कार्यनीति - सिमान्तकृत समुदायका महिलाहरूलाई संगठित गरि तालिम तथा अन्य विभिन्न उपायहरूद्वारा उनिहरूको क्षमता अभिवृद्धि गर्ने र स्थानीय अख्तियार, राजनीतिक पार्टी तथा अन्य संघ-संस्थाहरूसँग सहकार्य स्थापना गरि राजनीतिमा उनिहरूको सहभागिता अभिबृद्धि गर्ने लक्ष्य लिएको छ। अर्थात् परियोजनाले निम्न कार्यहरू सम्पादन गरि सिमान्तकृत समुदायका महिलाहरूको राजनीतिक सहभागिता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ :

- सिमान्तकृत समुदायका महिलाहरूको "लोकतान्त्रिक महिला मञ्च" गठन तथा उक्त मञ्चको जिल्ला स्तरिय छाता संगठन बनाई सिमान्तकृत महिलाहरूको एक सचेत जमात तयार गर्ने।
- लोकतान्त्रिक महिला मञ्चका सदस्यलगायत स्थानीय महिला राजनीतिज्ञहरूलाई राजनीतिक तथा प्रजातान्त्रिक प्रक्रृया (मानवअधिकार, प्रजातान्त्रिक मूल्य-मान्यता, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशिकरण, जनवकालत) जस्ता विषय-वस्तुको ज्ञान दिई क्षमता अभिबृद्धि गर्ने।
- विभिन्न माध्यमहरू जस्तै : रेडियो, पत्रिका, अभियान, तालिम, अन्तर्क्रिया तथा अन्य सूचना तथा शिक्षाका माध्ययमबाट राजनीतिक तथा प्रजातान्त्रिक शिक्षाको विस्तार गर्ने।
- स्थानीय अख्तियार, राजनीतिक पार्टी तथा अन्य संघ-संस्थाहरूसँग सहकार्य स्थापना गरि राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिबृद्धि गर्ने।

यि कार्यहरूले नेपालको ग्रामीण तथा समग्र राजनीतिक तथा प्रजातान्त्रिक प्रकृयामा सहयोग पुग्नेछ भन्ने कुरामा परियोजना विश्वास राख्दछ। तसर्थ यस परियोजनाले निम्न प्रतिफलहरू प्राप्त गर्ने अपेक्षा राखेको छ :

- स्थानीय प्रजातान्त्रिक प्रकृयालाई मजवुत बनाउन सिमान्तकृत महिलाहरूको क्षमता अभिबृद्धि गर्ने।
- नागरिक सशक्तिकरण तथा जनवकालत कार्यका लागि स्थानीय संघ-संस्था तथा अख्तियारहरूको क्षमता अभिबृद्धि गर्ने।
- सिमान्तकृत महिलाहरूको राजनीतिक सहभागिता अभिवृद्धिका लागि अन्य संघ-संस्थाहरूसंग सहकार्य स्थापना गरि दरिलो बनाउने।

## परियोजना सञ्चालनको विधि र पद्धति

माथि उल्लेखित प्रतिफल प्राप्तिको लागि निम्न विधि तथा पद्धतिको अवलम्बन गरी यो परियोजना सञ्चालन गरिनेछ :

- छनौट गरिएका गा.वि.स.हरूमा सिमान्तकृत महिलाहरूको प्रतिनिधित्वहुने गरि "लोकतान्त्रिक महिला मञ्च" गठन गर्ने र गा.वि.स.स्तरमा एक सचेत जमात तयार गर्ने।
- गा.वि.स.स्तरिय महिला लोकतान्त्रिक मञ्चको प्रतिनिधित्व हुने गरि "जिल्लास्तरिय लोकतान्त्रिक महिला मञ्च" गठन गर्ने।
- महिलाको राजनीतिक हक अधिकार, राजनीतिक तथा प्रजातान्त्रिक प्रकृयामा सहभागिता, स्थानीय सेवा प्रदाय संस्थाहरूमा सेवा प्रवाहिकरण आदि विषयमा गा.वि.स.स्तरिय महिला लोकतान्त्रिक मञ्चको मासिक तथा जिल्लास्तरिय लोकतान्त्रिक महिला मञ्चको त्रैमासिक छलफल बैठक सञ्चालन गर्ने।
- लोकतान्त्रिक महिला मञ्चका सदस्यलगायत स्थानीय महिला राजनीतिज्ञहरूलाई राजनीतिक तथा प्रजातान्त्रिक प्रकृया (मानव अधिकार, प्रजातान्त्रिक मुल्य-मान्यता, शुसाशन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जनवकालत) जस्ता विषय-वस्तुको ज्ञान दिई क्षमता अभिबृद्धि गर्ने।
- महिलाको राजनीतिक हक अधिकार, राजनीतिक तथा प्रजातान्त्रिक प्रकृयामा सहभागिता अभिबृद्धि गर्न स्थानीय निकायको क्षमता अभिवृद्धीको लागि वस्तुगत सहयोग (जस्तै : कम्प्यूटर, प्रिन्टर आदि) उपलब्ध गराउने।
- महिलाको राजनीतिक हक अधिकार, राजनीतिक तथा प्रजातान्त्रिक प्रकृयामा सहभागिता अभिबृद्धि गर्न विभिन्न माध्यमहरू जस्तै : रेडियो, पत्रिका, लोकतान्त्रिक महिला मञ्चको नियमित छलफल, अभियान, तालिम, अन्तर्क्रिया तथा अन्य सूचना तथा शिक्षाका माध्ययमहरूको अधिकतम उपयोग गर्ने।

## परियोजनाको अवधि

यस परियोजनाको अवधि २४ महिना (अक्टोबर २००८ देखि सेप्टेम्बर २०१० सम्म) को हुनेछ।



**विश्व परिदृष्य वकालत मञ्चले सञ्चालन गर्दै आएको यस परियोजनाको रेडियो कार्यक्रम 'महिला आवाज' सुन्न नबिर्सनु होला । हाम्रो रेडियो कार्यक्रम निम्न रेडियो स्टेशन तथा समयमा सुन्न सक्नु हुनेछ :**

१. उज्यालो एफ एम, ९०.० मेगाहर्ज, काठमाडौं, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म।
२. रेडियो खाँदबारी, १०५.८ मेगाहर्ज, संखुवासभा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म।
३. रेडियो नमोबुद्ध, १०६.७ मेगाहर्ज, काभ्रेपलाञ्चोक, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म।
४. रेडियो गोर्खा, ९२.८ मेगाहर्ज, गोर्खा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म।
५. रेडियो भेरी, ९४.५ मेगाहर्ज, बांके, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।
६. शुक्लाफाँटा एफ एम, ९९.४ मेगाहर्ज, कञ्चनपुर, प्रत्येक शुक्रबार साँझ ७:१५ देखि ७:४५ बजेसम्म।

# महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन सम्बन्धि महासन्धि (CEDAW) र महिलासम्बन्धि नेपालको कानून

- अधिवक्ता इन्दिरा श्रीस मगर

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलनसम्बन्धि महासन्धि महिलाको मानव अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय अधिकारपत्रको रुपमा रहेको छ। यसलाई महिला अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय कानून (International Bill of Rights of Women) पनि भनिन्छ। महासन्धिले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने र महिला पुरुषबीच समानता कायम गर्ने उद्देश्य लिएको छ। महासन्धि संयुक्त राष्ट्रसंघको महासभाद्वारा १८ डिसेम्बर १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागु भएको हो। यस महासन्धिमा ३० वटा धारा छन्। हालसम्म यस महासन्धिलाई १६६ सदस्य राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्। उक्त महासन्धिले महिलाका सम्पुर्ण मानवअधिकारलाई कानुनी मान्यता दिई त्यस्ता अधिकारको संरक्षण गर्ने कानुनी दायित्व महासन्धिका पक्ष राष्ट्रलाई तोकेको छ। महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा बिना शर्त अनुमोदन गरेको छ।

यस महासन्धिले अन्य महासन्धिले जस्तो लिङ्गको आधारमा हुने असमान व्यवहारलाई मात्र भेदभावको रुपमा परिभाषित नगरी भेदभावको विस्तृत परिभाषा गरेको छ। महासन्धिको धारा १ अनुसार महिला विरुद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिस्कार वा प्रतिबन्धलाई जनाउँदछ।

**महासन्धिको कानुनी स्थिति** : नेपाल सन्धि ऐन २०४७ (सन् १९९१) को दफा ९ ले नेपाल पक्ष भएका सबै सन्धि नेपालको राष्ट्रिय कानुन सरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धि परस्पर बाझिएमा सन्धिको प्रावधान लागु हुने व्यवस्था गरेको छ। तसर्थ, महासन्धिले सिर्जना गरेका दायित्व पुरा गर्नु सरकारको संवैधानिक एवं कानुनी कर्तव्य हो। अतः यस महासन्धिको प्रावधान नेपाल भित्र नेपालको कानुन सरह मान्य हुन्छ।

## महासन्धिमा महिला अधिकार

महासन्धिले सुनिश्चित गरेको महिलाका मूख्य अधिकार निम्नानुसार छन् :

(क) **बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने महिलाको यौनशोषण विरुद्धको अधिकार** : धारा ६ ले महिलाको किनबेच तथा वेश्यावृत्तिको लागि गरिने महिलाको यौनशोषण विरुद्धको अधिकार प्रदान गरेको छ। यस्तो शोषणलाई नियन्त्रण गर्ने कानुन बनाउने दायित्व राज्यलाई दिएको छ।

(ख) **सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार** : धारा ७ ले महिलाविरुद्ध राजनीतिक र सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्न देहायका अधिकार प्रदान गरेको छ :
- मतदान पाउने समान अधिकार,
- निर्वाचनको लागि योग्य हुने समान अधिकार,
- सार्वजनिक पद धारण गर्न पाउने समान अधिकार,
- नीति निमार्णमा संलग्न हुन पाउने समान अधिकार, र
- गैरसरकारी संस्था र राजनीतिक संगठनमा सहभागी हुन पाउने समान अधिकार।

(ग) **अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार** : धारा ८ ले महिलालाई अन्तर्राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गर्न पाउने तथा अन्तर्राष्ट्रिय संगठनमा भाग लिन पाउने अधिकार प्रदान गरेको छ।

(घ) **राष्ट्रियतासम्बन्धि अधिकार** : धारा ९ ले निम्न अधिकार दिएको छ :
- महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न वा धारण गर्न समान अधिकार,
- विदेशिसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्निको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,
- पतिको जे-जस्तो भए तापनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार र
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुषसरह महिलालाई पनि अधिकार प्रदान गरेको छ।

(ङ) **शिक्षासम्बन्धि अधिकार** : धारा १० ले निम्न अधिकार दिएको छ :
- अध्ययन गर्न र उपाधि पाउने समान अधिकार,
- सबै प्रकारको व्यावसायिक प्रशिक्षणको समान अधिकार,
- समान भौतिक शैक्षिक सुविधाको अधिकार,
- छात्रावृत्ति सम्बन्धमा समान अधिकार ,
- पढाई छोड्ने छात्राहरूको सक्रिय रुपमा शिक्षामा भाग लिन पाउने समान अधिकार,
- खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार र
- परिवार नियोजनसम्बन्धि सुचना सल्लाहलगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार।

(च) **रोजगारीको अधिकार** : धारा ११ ले निम्न अधिकार दिएको छ :
- रोजगारीमा समान अवसरको अधिकार,
- रोजगारी स्वतन्त्ररुपमा चयन गर्न पाउने अधिकार,
- सेवाका शर्त र सुरक्षासम्बन्धि समान अधिकार र
- समान पारिश्रमिक तथा सुविधाको अधिकार।

यस्तै यस धाराले विवाह वा मातृत्वको आधारमा महिलालाई देहायका अधिकार प्रदान गरेको छ :
- पुरा तलब सहितको प्रसुती विदाको अधिकार,
- गर्भवतीको आधारमा पदच्युत गर्न नपाउने अधिकार,
- बाल स्याहार सुविधा प्रणालीको उपभोगको अधिकार र
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार।

(छ) **स्वास्थ्यसम्बन्धि अधिकार** : धारा १२ ले निम्न अधिकार दिएको छ :
- महिलालाई परिवार नियोजनसँगसम्बन्धित कुराहरू लगायत स्वास्थ्य, स्याहार, सेवा विना कुनै भेदभाव पुरुष सरह प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ।

(ज) **आर्थिक तथा पारिवारिक लाभको अधिकार** : धारा १३ ले निम्न अधिकार दिएको छ :
- पारिवारिक लाभ उपभोगको समान अधिकार,
- बैंकको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार,
- बन्धकी राख्न पाउने अधिकार र
- खेलकुद, सांस्कृतिक र मनोरन्जनात्मक गतिविधिमा सहभागिता हुन पाउने समान अधिकार।

(झ) **ग्रामिण महिलालाई विशेष अधिकार** : धारा १४ ले निम्न अधिकार दिएको छ :
- विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,

---

पंक्तिकार आदिवासी महिला कानुनी सचेतना समुह (INWOLAG) सँग आवद्ध हुनुहुन्छ।

CamScanner

- परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,
- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,
- स्वरोजगारीका लागि स्वालम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,
- समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार र
- आवास, सरसफाई, विधुत, यातायात, खानेपानी तथा सञ्चारसम्वन्धि उपभोग गर्न पाउने अधिकार।

(ञ) **कानुनी समानताको अधिकार** : धारा १५ ले निम्न अधिकार दिएको छ :
- देवानी मामिलामा महिलालाई पुरुष सरह कानुनी सक्षमता प्रदान गर्नु पर्ने अधिकार र
- पुरुष सरह हिंडडुल गर्न पाउने स्वतन्त्र अधिकार।

(ट) **विवाह तथा परिवारको अधिकार** : धारा १६ ले निम्न अधिकार दिएको छ :
- जीवनसाथी स्वतन्त्ररुपले छान्न पाउने समान अधिकार,
- वैवाहिक जीवनको समान अधिकार,
- सम्बन्ध विच्छेदको समान अधिकार,
- सम्पत्तिमा पति र पत्नि दुवैको समानताको अधिकार,
- पारिवारिक नाम, पेशा र चयन गर्न पाउने अधिकार,
- सन्तान कति जन्माउने कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार र
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार।

## भेदभावलाई उन्मुलन गर्न महासन्धिमा गरिएको व्यवस्था तथा उपाय

धारा २, ३, ४ र ५ मा भेदभावलाई उन्मुलन गर्न महासन्धिमा भएका व्यवस्था तथा उपाय यस प्रकार छन् :

(क) **नीति तथा कानुन**
- महिला तथा पुरुषबीच समानताको सिद्धान्तलाई संविधान तथा कानुनमा समावेश गर्ने।
- महिला विरुद्ध हुने सबै प्रकारको भेदभावलाई प्रतिवन्ध लगाउन कानुनी र अन्य व्यवस्था गर्ने।
- भेदभाव उन्मुलन गर्न आवश्यक परेको खण्डमा दण्ड सजाय समेतको व्यवस्था गर्ने।
- पुरुष सरह समान आधारमा महिला अधिकारको कानुनी संरक्षणको व्यवस्था गर्ने।
- महिलाले पनि न्यायिक र सार्वजनिक निकाय मार्फत् आफ्ना अधिकारको प्रभावकारी संरक्षण गर्न पाउन सक्ने व्यवस्था गर्ने।
- सार्वजनिक अधिकारी वा संस्था महिला विरुद्ध हुने कुनै भेदभावपुर्ण कार्य वा व्यवहारमा संलग्न नहुने वातावरणको सुनिश्चितता गर्ने।
- लैङ्गिक भेदभावपुर्ण कानुन, परम्परा तथा प्रचलनहरू संशोधन वा खारेज गर्ने।
- महिला विरुद्ध भेदभाव गराउने सम्पुर्ण दण्ड सजायसम्बन्धि व्यवस्थाहरू खारेज गर्ने।

(ख) **मानव अधिकारको संरक्षण**
- पुरुषसरह समानताको आधारमा मानवअधिकारको उपभोग गर्न पाउने व्यवस्था।
- स्वतन्त्रतापूर्वक मानवअधिकारको उपभोग गर्न पाउने व्यवस्था।
- मानवअधिकारको उपभोग गर्न पाउने सुनिश्चितताको लागि राजनीतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक क्षेत्रमा कानुनी तथा अन्य सम्पुर्ण उपयुक्त कदमहरू चाल्नु पर्ने।

(ग) **अल्पकालिन विशेष उपाय**
- महिला र पुरुषबीच असमान र भिन्न स्थिति रहेको तथ्यलाई मनन् गर्दै परिणाममा समेत समानता प्राप्त गर्न अल्पकालिन विशेष उपाय अवलम्वन गर्नु पर्ने दायित्व राज्यलाई सुम्पिएको छ।
- यस्ता अल्पकालिन विशेष उपायहरूलाई भेदभावपूर्ण मानिने छैन।
- मातृत्व संरक्षणको लागि अल्पकालिन विशेष उपायहरू अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ।
- महिला र पुरुषबीच अवसर र व्यवहारमा वास्तविक समानता प्राप्त भएपछि यस्ता अल्पकालिन विशेष उपायको अन्त्य गर्नुपर्ने व्यवस्था गरेको छ।

(घ) **महिलाको लैङ्गिक पूर्वाग्रही भूमिकामा परिवर्तन**
- पुरुष र महिलाबीचमा रहेको सामाजिक र सांस्कृतिक आचरणलाई बदल्ने,
- पुरुष र महिलाको रुढिवाढी भूमिकासम्वन्धि रहेको धारणा बदल्ने,
- लैङ्गिक भूमिकामा आधारित परम्परा र प्रचलनहरूलाई बदल्ने, र
- कुनै खास लिङ्गको लघुताभासमा आधारित पुर्वाग्रह उन्मुलन गर्ने।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन सम्बन्धि महासन्धिको धारा १८ बमोजिम पक्ष राष्ट्रले यस महासन्धिको व्यवस्थाको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापकीय, न्यायिक, प्रशासकीय तथा अन्य कदमहरू तथा तत् सम्बन्धमा भए गरेको प्रगती बारेको प्रतिवेदन महासन्धिको पक्ष बनेको मितिले एक बर्ष भित्र र प्रत्येक चार बर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था पनि महासन्धिले गरेको छ। साथै नागरिक समाज तथा सामाजिक संघ-संस्थालाई महासन्धिको छायाँ प्रतिवेदन पठाउन पाउने व्यवस्था गरेको छ। नेपालले सन् २२ अप्रिल १९९१ मा महासन्धिलाई अनुमोदन गरेको थियो। पहिलो वार्षिक प्रतिवेदन छ बर्ष पछि सन् १९९७ को मे महिनामा पेश गरेको थियो भने यस उपर सन् १९९९ मा छलफल भएको थियो। नेपालको प्रतिवेदनमा कमि कमजोरीहरू रहेको र महिलाको यथास्थिति झल्काउने कतिपय समस्या ओगट्न नसकेकोले महिलाको वास्तविक स्थितिको जानकारी दिन महिला शसक्तिकरण अभियानमा संलग्न महिलाको स्थिति उकास्न प्रतिबद्ध भई कार्यरत गैरसरकारी संस्थाको सहयोग र सहभागितामा छाँया प्रतिवेदन पठाउँदै आएको छ। पहिलो र दोस्रो आवधिक प्रतिवेदन सन् २००३ मा बुझाएको थियो भने जनवरी २००४ मा छलफल भएको थियो। साथै चौथो र पाँचौ आवधिक प्रतिवेदन सन् २००८ सम्ममा पठाउन सिफारिस गरेको थियो। तर हाल सम्म पनि नेपाल सरकारले चौथो र पाँचौ प्रतिवेदन पठाउन सकेको छैन। हाल मन्त्रालयले बुझाउने तैयारी गरेको देखिन्छ। साथै विभिन्न संघ-सस्थाको प्रतिनिधिहरूद्वारा पनि महासन्धिको चौथो र पँचौ छाँया प्रतिवेदन पठाउनको लागि छलफल भैरहेको छ।

के महासन्धि अनुमोदन गरिसकेपछि नेपाल सरकारले साँच्चै नेपाली महिलाको महासन्धिका धाराअनुसार महिला विरुद्धको भेदभाव राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा लिङ्गको आधारमा हुने कुनै पनि भेदभावको अन्त्य गरि नेपाली महिलाका विविध अवस्थालाई परिवर्तन गरेको छ त?

(बाँकी अंश अर्को अंकमा प्रकाशित गरिने छ)।

CamScanner

# नेपालको अन्तरिम संविधान, २०६३ मा भएका महिला हक/अधिकार सम्बन्धी प्रावधान

- अधिवक्ता शान्ति कुमारी राई

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो। राष्ट्रिय जनगणना, २०५८ अनुसार नेपालमा १०१ जातजाति, ९२ भाषा र २,३१,५१,४२३ जनसंख्या रहेको देखिन्छ। माथि उल्लेखित जनसंख्याको ५०.४% महिलाको संख्या रहेको वा ५०.४% प्रतिशतले हुन आउने महिलाको जनसंख्या १,१६,६८,३१७ रहेको छ।

जातिगत हिसाबले हेर्दा क्षेत्री १७%, ब्राहमण १३%, दलित १२%, आदिवासी जनजाति ३७% र अन्य २१% रहेको सरकारी तथ्याङ्कले देखाएको छ। उक्त उल्लेखित प्रत्येक जातजातिमा ५०.४% महिलाको जनसंख्या हुन आउँछ।

विगतको नेपालको शासनसत्ता एकात्मक, केन्द्रीकृत, एक जाति, एक भाषा, एक धर्म, एक संस्कृति, एक लिङ्गको आधारमा २३७ वर्षसम्म संचालित रहेको र यसले निरंकुश राजतन्त्रात्मक शासनलाई निरन्तरता दिएको थियो। यसरी २३७ वर्षसम्म चलेको सामन्ती शासनसत्ताको दमन, उत्पीडन, शोषण, अन्याय, अत्याचार र विभेदको विरुद्ध १० वर्षे सशस्त्र जनयुद्ध र १९ दिने सशक्त दोस्रो जनआन्दोलनको फलस्वरुप २०६२/०६३ मा नेपालको पुरानो शासन व्यवस्था र एकतन्त्री निरंकुश राजतन्त्रको अन्त्य भई गणतन्त्रको बहाली भएको छ।

देशमा जब पुरानो व्यवस्था समाप्त भई नयाँ व्यवस्था शुरुवात हुन्छ, तब त्यहाँ पुरानो संविधान र पुरानो शासनसत्ता जनताद्वारा अस्वीकार तथा अमान्य हुन्छ। पुरानो अमान्य र नयाँ निर्माण नभइसकेको बीचको अवधिमा देशमा शासन संचालन गर्नको लागि एउटा विधान/कानूनको आवश्यकता पर्दछ। त्यसको लागि देशमा विद्यमान राजनीतिक दलहरूले जनताको जनादेश (म्याण्डेट) बमोजिम जनताको चाहना, भावना र आवश्यकता अनुकूलको संविधान निर्माण गर्दछन्। यो संविधानलाई नै "अन्तरिम संविधान" भनिन्छ।

नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष, क्रान्ति, जनयुद्ध तथा आन्दोलनबाट नेपालमा अहिले संविधानसभाद्वारा नयाँ संविधान निर्माण हुन लागेको छ र नयाँ संविधान नबनेसम्मको लागि नेपालको अन्तरिम संविधान, २०६३ नै लागू हुनेछ। यो अन्तरिम संविधान, २०६३ मा रहे/भएका महिला हक/अधिकार सम्बन्धी प्रावधानहरूलाई यहाँ नियाल्ने जमर्को गरिएको छ। यो अन्तरिम संविधान, २०६३ मा जम्मा भाग २५, धारा १६७ र अनुसूची २ रहेका छन्। यसमध्ये महिलाका हक/अधिकारसँग सम्बन्धित धाराहरू १३, १८, २०, २१, ३३, ३५ र १३१ मा केन्द्रीत रहि महिलाका हक, अधिकार सम्बन्धमा विश्लेषण गरिएको छ।

धारा १३ (२) मा "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था गरिएको छ। यसअनुसार सामान्य कानूनको प्रयोग गर्दा 'महिला' वा 'पुरुष' भनेर विभेद गर्न नहुने स्पष्ट संवैधानिक व्यवस्था गरिएको छ। अर्थात् पितृसत्तात्मक सोचअनुसार महिलालाई "आइमाई-केटाकेटी" भनेर विभेद गरिने व्यवहारको संविधानत: अन्त्य गरिएको छ।

धारा १३ (३) मा "राज्यले नागरिकहरूबीच धर्म, वर्ण, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था ति मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन" भनिएको छ। यसको तात्पर्य राज्यद्वारा पनि आफ्ना नागरिकहरूका बीचमा लिङ्गको आधारमा 'पुरुष' वा 'महिला' भनेर भेदभाव गर्न नपाउने संवैधानिक सुनिश्चितता प्रदान गरिएको छ। तर यसको उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा "तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सास्कृति दृष्टिले पिछडिएको वर्ग, बालक, वृद्ध, अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था गरिए अनुसार सबै नागरिकहरूका बीचमा समानता कायम गर्दा-गर्दै पनि उल्लेखित व्यक्तिहरूको लागि विशेष व्यवस्था नगरी समान हुन नसक्ने हुँदा राज्यद्वारा कानून बनाई उनीहरूको संरक्षण, सशक्तिकरण वा विकास गर्नको निमित्त विशेष व्यवस्था गर्न सकिनेछ।

धारा १३ (४) मा "समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन" यस व्यवस्थाअनुसार एउटै काम गर्दा पुरुषलाई बढी र महिलालाई कम तलब, ज्याला वा पारिश्रमिक दिने गर्नु हुँदैन। समान कामका लागि समान पारिश्रमिक दिनुपर्छ तथा सामाजिक सुरक्षामा पनि भेदभाव गर्न हुँदैन।

धारा १८ (२) मा "महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" यस व्यवस्थाबमोजिम राज्यद्वारा कानून बनाई र ती बनाइएका कानूनी व्यवस्थाअनुसार नै महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था गरिएको छ।

**धारा २० महिलाको हक**

(१) "महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव गरिने छैन", यस प्रावधानअनुसार छोरी मान्छे वा आइमाई मान्छे भनेर छोरा मान्छे वा लोग्ने मान्छे भन्दा फरक व्यवहार गरिने सामाजिक संस्कार (जस्तो छोरालाई बोर्डिङ्ग स्कूल, छोरीलाई साधारण स्कूल, छोरालाई दूध भात, छोरीलाई मही भात जस्ता) भएकै कारणबाट गरिने विभेदको संवैधानिक रुपमा नै अन्त्य गरिएको छ।

(२) "प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य र प्रजनन सम्बन्धी हक हुनेछ", यसको तात्पर्य हाम्रो समाजमा स्वास्नी मान्छेलाई बच्चा जन्माउने साधनको रुपमा हेर्ने र उनको इच्छा विरुद्ध सन्तान जन्माउन पर्ने बाध्यता हुँदा कहिलेकाही उनको प्रजनन स्वास्थ्यमा प्रतिकूल असर परी मृत्युवरणको अवस्थामा पुग्ने तितोसत्य बोध गरी प्रत्येक महिलाले अब आफ्नो इच्छाअनुसार सन्तान जन्माउन पाउने र यस मामिलामा कसैले पनि उनलाई करकाप गर्न नपाउने संवैधानिक व्यवस्था गरिएको छ।

(३) "कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ" भनिएबमोजिम कुनै पनि महिलालाई शरीरमा चोटपटक वा पीडा र मनमा पीडाबोध हुने प्रकारले मानसिक यातना दिने विद्यमान प्रचलनको अन्त्य गर्दै यस्तो हिंसाजन्य कार्य गर्नेलाई कानूनी सजायको संवैधानिक प्रत्याभूति गरिएको छ।

(४) "पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ" यस बमोजिम बाजे/पूर्खाको सम्पत्ति छोरा र छोरी दुवैले समान रुपमा पाउने संवैधानिक व्यवस्था गरिएको छ। यसमा छोराछोरीकाबीच विभेद गर्न पाइने छैन। अर्थात् छोराले पाएसरह नै छोरीले पनि पैतृक सम्पत्ति पाउने छ।

धारा २१ को सामाजिक न्याय हकमा : "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भनि गरिएको व्यवस्थाअनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब, किसान र मजदुरलाई समानुपातिक समावेशी हुने हिसाबले राज्यको सबै तह, क्षेत्र र स्थानमा सहभागी हुन पाउने संवैधानिक व्यवस्था गरिएको छ।

धारा ३३ (घ) मा "वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन

---

पंक्तिकार नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदा समिति सदस्य हुनुहुन्छ।

CamScanner

गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुर्नसंरचना गर्ने" भनी गरिएको संवैधानिक व्यवस्था बमोजिम देशमा विद्यमान माथि उल्लेखित वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक तथा क्षेत्रको आधारमा गरिने विभेदको अन्त्य गरी महिला, दलित, आदिवासी जनजाति, मधेशीलगायत उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय तथा पिछडिएको क्षेत्रका समस्याहरूलाई सम्बोधन गर्ने, त्यसको लागि राज्यको अहिलेको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरेर सबैको समावेशी हुने प्रकारले लोकतान्त्रिक र अग्रगामी हिसाबले राज्यको पुन:संरचना गर्ने अन्तरिम संविधान, २०६३ ले राज्यको दायित्व तोकेको छ ।

धारा ३३ (घ) मा "मुलुकको राज्य संरचनाका सबै अंगहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने" संवैधानिक प्रावधान बमोजिम राज्यले देशका सबै तह, क्षेत्र र निर्णय गर्ने, निर्णय कार्यान्वयन गर्ने/गराउने राज्यका सबै अंगहरूमा समानुपातिक समावेशीको आधारमा महिला, दलित, आदिवासी जनजाति, मजदूर, किसान, अपाङ्ग लगायत पिछडिएका वर्ग तथा क्षेत्रलाई सहभागी गराउनु पर्ने राज्यको दायित्व तोकिएको छ ।

धारा ३३ (ढ) मा "सबै विभेदकारी कानूनको अन्त्य गर्ने" भन्ने प्रावधान भएअनुसार नेपालमा विद्यमान लैंगिक, जातीय, धार्मिक, सांस्कृतिक लगायत सम्पूर्ण विभेदकारी कानूनहरू राज्यद्वारा खारेज गरिनुपर्ने दायित्व राज्यमा रहेको छ ।

धारा ३५ (८) मा "महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकारिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ" भन्ने राज्यको नीति बमोजिम महिलाहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको लागि विशेष व्यवस्था गरेर राष्ट्रको विकासमा बढीभन्दा बढी महिलाहरूलाई सहभागी गराउनु पर्ने दायित्व राज्यलाई दिइएको छ ।

धारा ३५ (९) मा "राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्थागर्ने नीति अवलम्बन गर्नेछ" भन्ने राज्यको नीतिअनुसार राज्यले एकल महिला (पति/लोग्ने नभएको) आमा, बाबु वा आफन्त व्यक्ति नभएको बालबालिका, असहाय व्यक्ति, वृद्ध, अपाङ्ग, अशक्त र हराउन वा लोप हुन लागेको जातिको संरक्षण र उन्नतिका लागि राज्यद्वारा सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नुपर्ने संवैधानिक प्रावधान रहेको छ ।

धारा ३५ (१४) मा "राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिमलगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ" भन्ने संवैधानिक व्यवस्था अनुसार महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदायलाई सकारात्मक विभेदको आधारमा अरु सरह राज्यमा पहुँच वा अधिकार सम्पन्न बनाउने विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ । त्यस्तै गरी अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग र पिछडिएका क्षेत्र तथा पछि परेका समुदाय अनि युद्धबाट पीडित भएका व्यक्तिहरूका लागि सकारात्मक विभेदका आधारमा अधिकार लगायत राहत प्रदान गर्ने विशेष व्यवस्था गर्न राज्य नीतिगत रुपमा प्रतिवद्ध भएको छ ।

धारा ३५ (१७) मा "वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानूनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ" भनी गरिएको संवैधानिक व्यवस्था अनुसार राज्यले बूढाबूढी, अशक्त महिला तथा बेरोगार (रोजगार नहुने) लाई कानून बनाई भत्ता दिने व्यवस्था गर्नेछ ।

धारा १३१ (२) मा "राष्ट्रिय मानव-अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नुपर्ने छ" भन्ने गरिएको व्यवस्था अनुसार राष्ट्रिय मानव-अधिकार आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्दा विविध जातीय महिलाको साथै विविध जातीय सन्तुलनको आधारमा नियुक्ति गर्नुपर्ने संवैधानिक प्रावधान राखिएको छ ।

यसरी नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत व्यवस्थित महिला हक/अधिकारसँग सम्बन्धित विविध धाराहरूमध्ये धारा १२ (२), (३) र (४) धारा १८ (२), धारा २० (१), (२), (३), (४) र धारा २१ मा व्यवस्थित संवैधानिक प्रावधानहरू मौलिक हक अन्तर्गत रहेका छन् । ती प्रावधानहरू राज्यद्वारा अनिवार्य रुपमा कार्यान्वयन वा लागू गर्नुपर्ने बाध्यकारी व्यवस्था हो । तर माथि उल्लेखित धाराहरूबाहेक धारा ३३ (घ), (घ१) र (ढ), धारा ३५ (८), (९), (१४) र (१७) मा व्यवस्थित संवैधानिक व्यवस्थाहरू कार्यान्वयन गर्न राज्यलाई बाधा हुने छैन, मात्र कार्यान्वयन भए नभएको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था हो ।

नेपालको विगतका ५ वटा संविधानको तुलनामा यो अन्तरिम संविधान महिला वर्गको दृष्टिकोणबाट हेर्दा केही प्रगतिशील देखिन्छ, तर पर्याप्त भने छैन । "नहुनु मामाभन्दा, कानो मामा" भनेझैं मात्र हो । अहिले नयाँ संविधान निर्माण प्रक्रिया अगाडि बढिरहेको परिप्रेक्ष्यमा एक तिहाई सभासदहरू 'महिला' छन् । ती सभासद महिलाहरूले आफूलाई महिलाको रुपमा प्रस्तुत गरेर महिलाको हक अधिकार सुनिश्चित गर्न लागदछन् वा "म महिला" भन्ने वास्तविकता बिर्सेर पार्टीको सदस्यको रुपमा प्रस्तुत भई देश, जनता तथा महिलाको लागि होइन, पार्टीको लागि संविधान निर्माण गर्दछन् । त्यो भने भविष्यले नै देखाउनेछ । जे भए तापनि आशा गरौं कि सभासद महिलाहरूले पहिला "आफू म महिला हुँ" त्यसपछि मात्र "पार्टी सदस्य हुँ" भन्ने यथार्थतालाई मनन गर्दै 'पहिचानसहितको महिला हक/अधिकार' नयाँ संविधानमा सुनिश्चित गर्नेछन् ।

# मेक्सिकोदेखि बेईजीङसम्म संक्षिप्त जानकारी

- कमला गुरुङ

वि.सं. २०५८ को जनगणना अनुसार आधा जनसंख्या ओगटेका महिला र उनिहरूको भूमिका बिकासमा वर्षौ देखि चर्चा परिचर्चा हुँदै आएता पनि उनिहरूको हक अधिकार भने सभ्य र विकशित समाजमापनि वेवास्ता हुँदै आएको छ । महिलाहरू राज्यको स्रोत-साधन तथा सुविधाहरूबाट बञ्चित हुँदै आएका छन् । यसै परिप्रेक्षमा सन् १९७५ पहिलो पटक संयुक्त राष्ट्रसंघले मेक्सिकोमा महिला सम्मेलन गर्‍यो र सन् १९७५ देखि १९८५ को दशकलाई महिला दशकको रुपमा मनायो । त्यस्तै सन् १९८५ मा संयुक्त राष्ट्रसंघले रोजगार, स्वास्थ्य र शिक्षालाई मुल मुद्दाको रुपमा उठाई समनता, बिकास र शान्तिका लागि महिलाहरूलाई शसक्त बनाउने नैरोबि अग्रदृष्टि कार्यनीति बनायो । यसै अनुरुप नेपालमा महिला तथा समाज कल्याण मन्त्रालय र स्थानीय बिकास मन्त्रालय अन्तर्गत महिला बिकास विभागको स्थापना जस्ता कार्य भएको पाइन्छ । यि कार्य नेपाली महिलाहरूको सशक्तिकरणमा उल्लेखनिय र प्रयाप्त हुन सकेन । सरकारले नैरोबि अग्रदृष्टि कार्यनीति अनुरुप कार्य गर्न सकेन ।

सन् १९९५ मा चीनको बेईजीङमा चौथो महिला विश्व सम्मेलन सम्पन्न गरियो । यस सम्मेलनले महिलासँग सम्बन्धित १२ वटा महत्वपूर्ण क्षेत्रका विषयहरू उठाएको थियो । ति मध्ये केहि महत्वपुर्ण सवालहरू हुन् :

- महिला विरुद्ध हुने भयावह हिंसाको स्थिति,
- अप्रयाप्त आधारभूत स्वास्थ्य सेवा र अन्य सुविधाहरू जसमा महिलाहरूको असमान वा न्यून पहुंच,
- महिला तथा पुरुष बिच विद्यमान शिक्षामा असमानता र महिलाहरूको न्यून पहुंच
- लडाई वा हिंसात्मक द्वन्द्वबाट महिला माथि हुने गरेका ज्यादति र त्यसको नकारात्मक प्रभाव,
- सम्पत्ति वा स्रोत-साधनमा महिलाहरूको अधिकार तथा समित्व नहुनु
- विभेदकारी सामाजिक मूल्य-मान्यता तथा राज्यको नीति, आदि कारणहरूले महिलाहरूमा बढ्दो गरिवी,
- महिलाको सशक्तिकरण, निर्णय प्रकृयामा सहभागिता, राज्यका विभिन्न निकायहरूमा उनिहरूको उपस्थिति आदिमा अप्रयाप्त राज्य संयन्त्र,
- महिला अधिकारलाई मानव अधिकारको रुपमा स्विकार नगरिनु,
- प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण जस्ता विषयहरूमा महिलाहरूको पहुंच आदि ।

---

पंक्तिकार राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको कार्यसमिति सदस्य तथा समावेशी

CamScanner

# नेपालको अन्तरिम संविधान, २०६३ मा सिमान्तकृत वर्गहरूको लागि गरिएको व्यवस्था

- कमला गुरुङ

मानिसले विना भेदभाव मानिस भै बाँच्न पाउने उसको नैसर्गिक अधिकार हो। यदि कसैको विना भेदभाव बाँच्न पाउने अधिकार हनन् हुन्छ भने न्याय प्राप्त गर्न तथा उक्त अधिकारको रक्षा गर्न स्वयम् जानकार हुन जरुरी हुन्छ। यसै सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ ले सिमान्तकृत वर्गहरूको लागि गरेको व्यवस्थाको संक्षिप्त चर्चा यहाँ गरिएको छ।

### नेपालको अन्तरिम संविधान, २०६३ ले सिमान्तकृत वर्गहरूको लागि गरेको अविभेदको हकको व्यवस्था

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (२) मा व्यवस्था भए अनुरुप सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव गर्नु हुँदैन। यसै गरी अन्तरिम संविधान, २०६३ को धारा १३ (४) ले समान कामका लागि महिला र पुरुषको बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगर्ने व्यवस्था गराएको।
- अन्तरिम संविधान, २०६३, धारा १४ (१) मा व्यवस्था भए अनुरुप कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा जातीय भेदभाव गर्नु हुँदैन। यदि भेदभावपूर्ण व्यवहार भए दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानून बमोजिमको क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ। यसै गरी यस अन्तरिम संविधान, २०६३ को धारा १४ (२) ले कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक सेवा, सुविधा उपयोग गर्न वा सार्वजनिक स्थल वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्न वञ्चित निषेध गरेको छ।
- अन्तरिम संविधान, २०६३, धारा १४ (३) मा व्यवस्था भएअनुरुप कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्नु हुँदैन भनिएको छ।
- अन्तरिम संविधान, २०६३, धारा १४ (४) मा व्यवस्था भए अनुरुप कुनै जात, जाति वा उत्पत्तिका आधारमा उच्च वा नीच देखाउने, विभेद गर्ने वा घृणा गर्ने वा जातिय विभेदलाई प्रोत्साहन गर्ने किसिमको प्रचारप्रसार गर्न निषेध गरिएको छ।

### नेपालको अन्तरिम संविधान, २०६३ ले सिमान्तकृत वर्गहरूको समानताको लागि गरेको विषेश व्यवस्था

- नेपालको अन्तरिम संविधान, २०६३ मा महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिकोणले पछि परेका वा पारिएका वर्ग बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ।
- नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक न्यायको हकअन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिकोणले पछि परेका वा पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्य संरचनामा सहभागि हुने अधिकार प्रदान गरेको छ।

### संविधान सभाको गठनमा सहभागिताको सुनिश्चिता

अन्तरिम संविधान, २०६३ को धारा ६३ ले राजनीतिक दलहरुले निर्वाचन क्षेत्रको लागि उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ। यस्तै राजनीतिक दलहरूले उम्मेदवार सूचिकृत गर्दा महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था गरेको छ। तर यी वर्गहरूलाई परिभाषित गर्ने कानून र यिनको सहभागितालाई सुनिश्चित गर्ने कानूनी व्यवस्था भइसकेको छैन। अन्तरिम संविधान, २०६३ को धारा ६३ कै उपधारा (५) ले महिलाको हकमा उम्मेदवार संख्यामा ३३ प्रतिशत महिलालाई उम्मेदवारी दिनुपर्ने व्यवस्था गरेको छ।

### महिलाको हक

अन्तरिम संविधान, २०६३ को धारा २० (१) ले पहिलो पटक महिलाको हकलाई छुट्टै मौलिक हकको रुपमा स्थापित गरेको छ। जसले महिला भएकै कारणबाट कुनै किसिमको भेदभाव नगरिने प्रत्याभूति गर्दछ। त्यस्तै यसै अन्तरिम संविधान, २०६३ को धारा २० (२) ले प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धि हक हुने व्यवस्था प्रदान गरेको छ। अन्तरिम संविधान, २०६३ को धारा २० (३) ले कुनैपनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरेको छ। यसै गरि यस संविधानको धारा २० (४) ले पैतृक सम्पत्तिमा छोराछोरी दुवैलाई समान हक हुने व्यवस्था गरेको छ।

### बालबालिकाको हक

अन्तरिम संविधान, २०६३ ले बालबालिकाको हकलाई पनि छुट्टै मौलिक हकको रुपमा मान्यता प्रदान गरेको छ। यस अन्तरिम संविधान, २०६३ को धारा २२ (१) ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने प्रत्याभूति गरेको छ। यस्तै गरि संविधान, २०६३ को धारा २२ (२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्तगर्ने हक हुने व्यवस्था गरेको छ। प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै किसिमको शोषण विरुद्धको हक हुने र यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय एवं क्षतिपूर्ति योग्य हुने व्यवस्था यसै अन्तरिम संविधान, २०६३ को धारा २२ (३) मा व्यवस्था गरेको छ। असहाय, अनाथ, सुस्त मनस्थिति भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा परेका बालबालिकाको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने व्यवस्था अन्तरिम संविधान, २०६३ को धारा २२ (४) मा उल्लेख गरिएको छ। नाबालकलाई जोखिमपूर्ण काममा वा सेना, प्रहरी र द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ।

### भाषाको अधिकारको सुनिश्चित

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ (१) ले प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएवमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । यस अन्तरिम सविधान, २०६३ को धारा १७ (२) ले नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने व्यवस्था गरेको छ। अन्तरिम संविधान २०६३ को धारा ५ ले नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाको रुपमा मान्यता प्रदान गरेको छ। यस्तै देवनागरिक लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा भए पनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको नमानिने व्यवस्था गरेको छ।

### धर्मको हक

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (१) अनुसार आफ्नो धर्मसम्बन्धी हकलाई प्रयोग गर्न प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने व्यवस्था गरेको छ। तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम वा व्यवहार गर्न नपाइने व्यवस्था गरिएको छ। प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक यस संविधानले व्यवस्था गरेको छ।

CamScanner

# सिमान्तता र नेपालका सिमान्तकृत वर्ग

– कमला गुरुङ

देशमा शान्ति, बिकास र प्रजातान्त्रिक मूल्य-मान्यताको स्थायित्वका लागि समावेशीकरण एक अपरिहार्य शर्त हो। समावेशीकरण शब्दको प्रयोग योजना र नीतिगत रुपमा दशौं पञ्चवर्षीय योजनाबाट भएको पाईन्छ। समावेशीकरणको कुरा गर्दा सिमान्तकृत वर्गहरूको राज्यको मुलप्रवाह (सामाजिक, आर्थिक, राजनीतिक) मा समान र अर्थपूर्ण सहभागिता प्रमुख विषयको रुपमा उठ्ने गरेको छ। के सिमान्ता र समावेशीकरण एउटै विषय हो त? किन समावेशीकरणको कुरा गर्दा सिमान्तकृत वर्गहरूको प्रश्न उठ्न गर्दछे? नेपालको अन्तरिम संविधान, २०६३ को पहिलो संसोधनले मुलुकको राज्य संरचनामा महिला, मधेशी, दलित, आदिवासी, जनजाति, मजदुर, किसान, अपांग, पछाडिएको भोगोलीक क्षेत्र आदिलाई सिमान्तकृत वर्गहरू रुपमा उल्लेख गरि उनिहरू सबैलाई राज्य संरचनामा सहभागि गराउने व्यवस्था गरेको छ। यस अर्थमा समावेशीकरण सिमान्तकृत समूहहरूको राज्य संरचनामा समान र अर्थपुर्ण सहभागिता हो। समावेशीकरण शब्दले यिनै सिमान्तकृतवर्गहरूको सशक्तिकरण विकास र राज्य संरचनामा अर्थपुर्ण सहभागिता र पहुँचलाई बुझाउँदछ। सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक विषयहरू सिमान्तता छुट्याउने आधारहरु हुन सक्दछन् अर्थात् सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आधारमा एउटा वर्गले अर्को वर्गलाई बिकासको मुल प्रवाह वा राज्य संरचनामा आउन सक्ने वातावरण वनाउदैन वा आउन दिदैंन वा बिकासको मुल प्रवाह वा राज्य संरचनाबाट वहिष्कार गर्दछ भने वहिष्कृत वर्ग बिकासको मुल प्रवाह वा राज्य संरचनाबाट किनार लाग्न थाल्दछन् र यिनै किनारा गलाईएका वर्गलाई सिमान्तकृत वर्ग भनिन्छ। सजिलै बुझ्नका लागि जस्तै : लिङ्गका आधारमा महिला वा केटीहरू, जात, धर्म, सामाजिक मुल्य-मान्यताका आधारमा मधेशी, आदिवासी, जनजाति, दलित, भाषाका आधारमा नेपाली भाषा बाहेकका अन्य भाषिक समूहहरू, भूगोलका आधारमा कर्णालीजस्ता भू-भागमा बसोवास गर्दै आएका मानिसहरूलाई सिमान्तकृतवर्गका रुपमा बुझिन्छ। स्रोत-साधान, लगानी, सेवाको असमान वितरण, नियन्त्रित अर्थतन्त्र, शक्ति असन्तुलन र राजनीतिक द्वन्द्व आदि कारणहरूले यि वर्गहरू बढि प्रभावित छन् र यिनिहरूको स्थिति अझ दयनिय बन्दै गइरहेको छ।

वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको आधा भाग (झण्डै ५१ प्रतिशत) महिलाहरूको रहेको छ। विभिन्न समयमा घटित राजनीतिक तथा प्रजातान्त्रिक आन्दोलनहरूमा नेपाली महिलाहरूको योगदान उत्साहजनक रहदैं आएको छ भने परिवार, समाज र राष्ट्रको उन्नती प्रगतिमा उनिहरूको योगदान उल्लेखनिय रहदैं आएको छ। जनसंख्याको आधा भाग ओगटेका महिला प्राकृतिक लिङ्गको आधारमा परिवार, समाज र राष्ट्रवाट विभेदको शिकार हुदै आएका छन्। उनिहरू शैक्षिक, आर्थिक, प्रशासनिक तथा राजनीतिक क्षेत्रहरुमा पछाडी पारिएका छन्। महिलालाई विभेद गरिनु वा पछाडि पारिनुको कारण असम्पन्नता र अज्ञानता (सम्पन्न र शिक्षित परिवार, समाज वा जात जातिमा पनि महिला माथि विभेद हुदैं आएको छ) मात्र हैनकि पुरुषवादी चिन्तन, जातिय बनौट, धर्म, सामाजिक मूल्य-मान्यता र राज्यको नीति पनि हुन्। नेपालको सामाजिक संरचनालाई हेर्ने हो भने राज्य संरचनाले जात जाति, लिङ्ग, भाषा, धर्म, उमेर वा भुराजनीति आदिको आधारमा कतिपय समूहहरूलाई राज्यको मुल प्रवाहबाट वहिष्कृत गर्दै आएको छ। यि वहिष्कृत गरिएका समूहलाई राज्यको मुल प्रवाहमा ल्याउन सकिएन भने वा यि सिमान्तकृत समूहहरूको समावेशीकरण राज्य संरचनामा गर्न सकिएन भने देशमा शान्ति, बिकास र प्रजातन्त्र संभव छैन। नेपालमा सिमान्तकृत वर्गलाई राष्ट्रिय राजनीति र विकासको मूलधारमा समेट्न राज्यबाट ईमान्दार प्रयास कहिले पनि हुन सकेको छैन।

नेपालको सामाजिक तथा जातिय संरचना, स्रोतसाधन माथिको पहुँच, राजनीति माथिको प्रभाव आदिको आधारमा हेर्ने हो भने पुरुष वा छोराको भन्दा महिला वा केटीहरू, बाहुन क्षेत्रीभन्दा दलित तथा आदिवासी जनजाति, पहाडे मुलका भन्दा मधेशी राज्यको मुल प्रवाहबाट वहिष्कृत छन्। यति मात्र होइन सिमान्तीकरणको लागि नेपालको भौगोलिक अवस्था पनि जिम्मेवार रहेको छ। जस्तै : शहरी र दुर्गम क्षेत्र, तराई र उच्च पहाडि क्षेत्रमा उपलब्ध सेवा सुविधा, राज्यको लगानी, पुर्वाधार आदिले कठिनाई सृजना गरेको छ र यस्ता विपन्न क्षेत्रमा बसोवास गर्ने जनताहरूले गरिबीको पिडा भोगी रहेका छन्। नेपालको राज्य संरचनाको हरेक तहमा उच्च जात भनिएका पहाडे खस भाषि पुरुषहरूको बाहुल्यता रहेको र यस वर्गले अन्य जात जाति, लिङ्ग, भाषा, धर्म आदिलाई राज्यको मूलधारबाट सिमान्तमा परेको देखिन्छन्। राज्यका विभिन्न अंगमा जातिय उच्चताको आधारमा हुने सहभागिताले तल्लो जात भनिएका जात जातिहरू राज्यको विकासको मूलधारबाट वाहिरिएका छन् र उनिहरूको स्रोत माथिको पहुँच न्यून रहेकोछ। सिमान्तीकरण सामाजिक, आर्थिक तथा राजनीतिक प्रक्रिया भएकाले सिमान्तकृत वर्गहरूको सामाजिक, आर्थिक र राजनीतिमा पहुंच र प्रभाव नभए सम्म देश र समाजको परिवर्तन सम्भव छैन।

नेपालमा सिमान्तकृत गरिएका समूहहरूको ठूलो हिस्सा छ। खास गरी राज्य सत्तामा सहभागिताको हिसाबले हेर्ने होभने जातिय उच्चताको आधारमा समाजका केही वर्ग वा व्यक्तिहरू बाहेक समाजको ठूलो हिस्मा सिमान्तकृत छन्। सीमित व्यक्तिले राज्य श्रोतको ठूलो हिस्सा माथि कब्जा जमाएका कारण समाजको बाँकि ठूलो हिस्सा श्रोतको पहुँचभन्दा बाहिर छ। महिला, जनजाति, दलित तथा अन्य पिछडिएका समूहहरू राज्य सत्तामा सहभागिता, श्रोत माथिको पहुँच र आत्मपहिचानका हिसाबले सिमान्तकृत छन्। नेपाल परम्परागत जातिय उच्चताको आधारमा विभाजित छ। उच्च जात भनिएका केहि ब्राह्मण, क्षेत्री बाहेकका अरु जातिय समूहहरू रुपमा हरेक क्षेत्रमा पछाडि परिएका छन्। मगर, थारु, तामाङ, मुस्लिम, लिम्बु, सार्की, तेली, चमार, हरिजन, कुर्मी, सन्यासी, धानुक, मुसहर, दुसाध, पासवान, शेर्पा, सुनार, कुमाल, सुँडी, लोहार, तत्मा, खत्वे, माझी, चेपाङ्वव, दनुवार, सन्थाल, सतार, झाँगड, थामी, धिमाल, भोटे, चिडिमार, डोम, काहर, बोटे लगायत झण्डै १०० जातिय समूहहरू राज्यमा सहभागिता, स्वतन्त्र पहिचान र श्रोत माथिको पहुँच सबै हिसाबमा सिमान्तकृत भएका छन्।

सिमान्तता सिमित व्यक्ति वा समुहको सामाजिक, आर्थिक वा राज्यशक्तिमा एकाधिकार र स्रोत साधन माथिको नियन्त्रण कारण हुने गर्दछ। यिनै कारणहरूले नेपालका सिमान्कृत वर्गहरू क्रमिक रुपमा सामाजिक, आर्थिक, राजनीतिक वा कानूनीरुपमा वहिष्कृत वा अपहेलित हुदै आएका छन् र उनिहरूको जीवनस्तर जोखिममा परेको छ। राज्यको मूलधारबाट विस्थापित, स्रोत साधनको पँहुचबाट वञ्चित, कानूनीरुपमा अधिकार विहिन, सामाजिक जीवनमा सहभागिता नगराइएका, आफ्नो पहिचान खतरामा परेका यस्ता वर्गहरूलाई राष्ट्रको मूलधारमा ल्याउनु राज्यको दायित्व हो। कानूनी राज्यमा सबै नागरिकहरू बराबर हुन्छन्। प्रजातान्त्रिक मुलुकमा प्रजातन्त्रको मूल्य-मान्यता अनुरुप सबैले बराबरी अधिकार पाएका हुन्छन् तर हाम्रो देशमा अझै पनि लिङ्ग, जात, धर्म, क्षेत्र आदिको आधारमा विभेद कायमै छ।

नेपाल कृषि प्रधान देश हो। देशको ८० प्रतिशत भन्दा वढी जनसंख्या खेतिपातिमा जीवन निर्वाह गर्छन्। वि.सं.२०५८ को राष्ट्रिय जनगणना अनुसार लगभग ११ प्रतिशत महिलाहरूको स्वामित्वमा जग्गा जमिन रहेको पाइन्छ भने ६ प्रतिशत महिलाहरूको नाममा घर छ। त्यस्तै ७ प्रतिशत महिलाहरूको स्वामित्वमा पशुधन रहेको पाइन्छ। जग्गा, घर र पशुधन यि तीनै जीवन निर्वाहको स्रोत वा सम्पतिमा स्वामित्व भएका महिलाहरूको संख्या भने १ प्रतिशत भन्दा न्यून छ। नेपालको कूल महिला मध्ये ७२ प्रतिशत महिलाहरू अझै पनि कृषि पेशामा संलग्न रहेको पाईन्छ (अर्थात नेपालको कृषि पेशा महिलाहरूले नै धानेका छन्) भने गैर कृषि पेशामा ६ प्रतिशत महिलाहरू मात्र संलग्न रहेको पाईन्छ। पैसा कमाई हुने क्षेत्रहरुमा महिलाहरूको संलग्नता र पहुँच ज्यादै न्यून छ भने प्रत्यक्ष कमाई नहुने क्षेत्रहरू जस्तै : घरयासी कामकाज, वाल-बच्चाहरूको हेरचाह, खाद्यान्न उत्पादन आदि कार्यहरूमा महिलाहरूलाई लगाइएको छ। सन् २००४ मा गरिएको सर्भेक्षण अनुसार बैदेशिक रोजगारबाट प्राप्त हुने कूल आम्दानीको झण्डौ ११ प्रतिशत आम्दानी विदेशमागई रोजगार गर्ने महिलाहरूबाट प्राप्त हुने गरेको छ। नेपालले साक्षरतामा निरन्तर प्रगति गर्दै आएको तथ्य हामी सबैलाई चाहा छ तापनि वि.सं. २०५८ सम्म आइपुग्दा सरदर १०० पुरुष साक्षर हुदा ६६ जना महिला मात्र साक्षर हुने गरेको तितो यथार्थ पनि छ। त्यस्तै एस.एल.सी. वा त्यस भन्दा माथिल्लो शिक्षा प्राप्त गरेका महिला र पुरुषको अनुपातलाई हेर्ने होभने सरदर ४४ महिला बराबर १०० पुरुष रहेको पाइन्छ। ग्रामिण भेगमा यो अन्तर अझ ठूलो छ। सरकारी विद्यालयहरूमा पढाउने शिक्षकहरू मध्ये झण्डै १३ प्रतिशत शिक्षकहरू महिला छन्। यि आंकडाहरूले पुरुष र महिला साक्षरता र शिक्षा बीचको विभेदलाई स्पष्ट गर्दछ। नेपाली समाजमा कायम रहि आएको यस्तो विभेदको अन्त्य विना विकाश, शान्ती र प्रजातन्त्र सम्भव छैन।

CamScanner

# संविधानसभा निर्वाचन र महिला प्रतिनिधित्व

– कमला गुरुङ्ग, यशो कान्ति भट्टचन (गौचन)

१. **पृष्ठभूमि**

वि.सं. २०६२/६३ मा भएको ऐतिहासिक जनआन्दोलन-२ ले प्राप्त गरेको राजनीति पृष्ठभूमिमा नेपाली जनताले आफ्नो हक अधिकारलाई प्रत्याभूत गर्न नेपाली इतिहासको कठिन समयमा संविधानसभा सदस्यको निर्वाचन सम्पन्न गरेको हामी सबैलाई ताजै छ। यो नेपाली जनताहरूले आफ्नो लागि आफैं संविधान बनाउन पाउने एउटा अवसर थियो। अन्ततः नेपाल सरकारले २०६४ साल चैत्र २८ गते तोकिएकै मितिमा चुनाव सम्पन्न गऱ्यो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) बमोजिम समानुपातिक निर्वाचन प्रणाली तर्फ ३३५, पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फ २४० गरी जम्मा ५७५ र मनोनित बाट २६ गरी ६०१ संविधानसभा सदस्य रहेको संविधानसभा गठन हुने व्यवस्था गरेको छ।

२. **निर्वाचन क्षेत्रको विभाजन**

यस निर्वाचनका लागि १४ जिल्लामा १ वटा निर्वाचन क्षेत्र, २३ जिल्लामा २ वटा निर्वाचन क्षेत्र, १४ जिल्लामा ३ निर्वाचन क्षेत्र, ६ जिल्लामा ४ वटा निर्वाचन क्षेत्र, ४ जिल्लामा ५ वटा निर्वाचन क्षेत्र, ८ जिल्लामा ६ वटा निर्वाचन क्षेत्र, ३ जिल्लामा ७ वटा निर्वाचन क्षेत्र र १/१ जिल्लामा क्रमशः ९/१० वटा निर्वाचन क्षेत्र ताकिएको थिए।

३. **निर्वाचनमा भाग लिने दल र तिनका उम्मेदवार**

यस निर्वाचनमा कूल ५४ राजनीतिक दलले आफ्नो उम्मेदवारी दिई भाग लिएका थिए। निर्वाचनमा भाग लिएका दलहरू मध्ये पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतको २४० वटा सिटहरू मध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र नेपाली कांग्रेसले २४० वटा सिटमा नै आफ्नो उम्मेदवार उठाएका थिए भने एक जना मात्र उम्मेदवार उठाउने दलहरूमा नेपाल दलित श्रमिक मोर्चा र नेपाल साम्यवादी दल थिए। यसै गरी २ देखि १० जनासम्म उम्मेदवार उठाउने दलहरूको संख्या १६, ११ देखि २० जनासम्म उम्मेदवार उठाउने दलहरूको संख्या ६, २१ देखि ३० जनासम्म उम्मेदवार उठाउने दलहरूको संख्या ४, ३१ देखि ४० जना सम्म उम्मेदवार उठाउने दलहरूको संख्या ३, ४१ देखि ५० जना सम्म उम्मेदवार उठाउने दलहरूको संख्या ५, ५१ देखि १०० जनासम्म उम्मेदवार उठाउने दलहरूको संख्या ५ र १०१ देखि २३८ जनासम्म उम्मेदवार उठाउने दलहरूको संख्या १० रहेको थियो।

४. **मतदाता संख्या र कूल मतदान**

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संविधानसभा निर्वाचनका लागि वि.सं. २०६३ मंसिर मसान्त सम्म १८ वर्ष पूरा गरेका नेपाली नागरिक कानून बमोजिम मतदाता हुने भएको हुदां संविधानसभा सदस्य निर्वाचनका लागि मतदान गर्ने मतदाताको कूल संख्या १,७६,११,८३२ पुगेको थियो। जसमा १,११,४६,५४० ले मतदान गरेका थिए भने ४,०७,४६२ मत वदर भएको थियो।

५. **पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत निर्वाचित उम्मेदवार :**

संविधानसभा निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को तर्फबाट सबै भन्दा बढि १२० (२३ महिला र ९७ पुरुष) उम्मेदवार निर्वाचित भएका थिए। यसै प्रणाली अन्तर्गत नेपाली कांग्रेसको तर्फबाट ३७ (२ महिला र ३५ पुरुष), मधेशी जनअधिकार फोरमको तर्फबाट ३० (२ महिला र २८ पुरुष), तराई मधेश लोकतान्त्रीक पार्टीको तर्फबाट ९ (१ महिला र ८ पुरुष), सद्भावना पार्टीको तर्फबाट ४ पुरुष, जनमोर्चा नेपाल र नेपाल मजदूर किसान पार्टीको तर्फबाट २/२ पुरुष र नेपाल राष्ट्रिय जनमोर्चाको तर्फबाट १ पुरुष उम्मेदवार निर्वाचित भएका थिए। यस संविधानसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत २ स्वतन्त्र पुरुष उम्मेदवार निर्वाचित भएका थिए।

यसै प्रणाली अन्तर्गत चुनाव प्रतिस्पर्धामा भाग लिएका कूल ५४ राजनीतिक दलहरू मध्ये ९ वटा राजनीतिक दलका उम्मेदवारहरू मात्र संविधानसभाको सदस्यको रुपमा निर्वाचित भएका छन्। यस प्रणाली अन्तर्गत निर्वाचित कूल २४० संविधानसभा सदस्य मध्ये निर्वाचित महिला सदस्य संख्या ३० रहेको छ।

६. **समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित उम्मेदवार**

समानुपातिक निर्वाचन प्रणाली अन्तगर्तको कूल ३३५ सिट मध्ये १६१ जना महिला र १७४ जना पुरुष संविधानसभाका सदस्यका रुपमा निर्वाचित भएका छन्।

७. **राजनीतिक दलका आधारमा संविधानसभाका महिला सदस्य**

संविधानसभाका लागि ६०१ सभासद् मध्ये विभिन्न राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने कुल महिला सभासदको संख्या १९७ रहेको छ। संविधानसभाले विधायिका-संसदको पनि काम गर्दछ। महिला सभासद् मध्येमा आदिवासी जनजाति, दलित, मधेसी, मुसलमान समुदायका पनि छन् तर उनीहरूको संख्या भने न्यून छ। संविधानसभा वा विधायिका-संसदमा यति धेरै महिला सदस्य निर्वाचित हुनु भनेको एशीयामा उदाहरणीय घटना बनेको छ। नेपालको महिला अधिकारको आन्दोलनको माग राज्यका सबै तह र तप्कामा पूर्ण समानुपातिक हो र यसको अर्थ संविधानसभा वा विधायिका-संसदमा ६०१ मध्ये ३०१ महिला सभासद् हुनु पर्दथ्यो तर राजनीतिक दलका नेताहरूको पितृसत्तावादी सोंच, नीति र व्यवहारका कारणले सो माग पुरा हुन सकेन। विधायिक-संसदले महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेकोमा संविधानसभामा ६०१ मध्ये १९७ जना महिला सभासद अर्थात ३२.७८ प्रतिशत भएबाट सो संख्या पनि नपुगेको र दलहरूले गरेको प्रतिबद्धता कार्यान्वयन हुन नसकेको तितो यर्थाता छ। उक्त संख्या पनि समानुपातिक निर्वाचन पद्धतीमा आधा महिलाका लागि छुट्याएकोले र सो को संवैधानिक र कानुनी व्यवस्था भएकोले मात्र उक्त संख्या हासिल गर्न सकेको हो। अन्यथा, पहिलो हुने निर्वाचित हुने र मनोनित मध्येबाट जति महिला निर्वाचित वा मनोनित हुनु पर्ने हो सो नभएकै हो।

**राजनीतिक दलका आधारमा संविधानसभाका महिला सदस्य**

| क्र.सं. | राजनीतिक दल | जम्मा संख्या |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | ७७ |
| २ | नेपाली काग्रेस | ३८ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३८ |
| ४ | मधेशी जनअधिकार फोरम, नेपाल | १३ |
| ५ | तराई मधेश लोकतन्त्रिक पार्टी | ६ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ |
| ७ | नेपाल कम्युनिष्ट पार्टी (माले) | ४ |
| ८ | जनमोर्चा नेपाल | २ |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | २ |
| १० | सद्भावना पार्टी | २ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | २ |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | १ |
| १३ | राष्ट्रिय जनमोर्चा | १ |
| १४ | नेपाल मजदूर किसान पार्टी | १ |
| १५ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) | १ |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | १ |
| १७ | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | १ |
| १८ | नेपाल जनता दल | १ |
| १९ | संघीय लोकतन्त्रिक राष्ट्रिय मञ्च | १ |
| | जम्मा | १९७ |

CS CamScanner

# आदिवासी जनजाति महिलाको सशक्तीकरण

- यशो कान्ति भट्टचन (गौचन)

प्रशिक्षण र चेतना जागरण कार्यक्रममा, विकासे परियोजना योजना तथा कार्यक्रममा, र राजनीतिक प्रशिक्षणमा र दैनिक जीवनमा महिला सशक्तिकरण शब्दको प्रयोग व्यापक छ। केहीले सांचो अर्थमा बुझेर, कतिपयले केहि बुझेर, कतिपयले नबुझे पनि बुझेजस्तो गरेर, र कतिपयले नबुझेर यो शब्द प्रयोग गर्दछन्। के हो यो महिला सशक्तिकरण भनेको ?

सशक्तिकरण भनेको आफ्नो जिवन र परिवेशमा आफ्नो नियन्त्रण बढाउनु हो। महिलाको सशक्तिकरण भनेको महिलाले आफ्नो जीवन र परिवेशमा आफ्नो नियन्त्रण बढाउनु हो। यस्तो नियन्त्रण बढाउनुको अर्थ यस प्रकार छ :

**महिलाको आत्मनिर्णयको अधिकार** : पितृसत्तामक समाजमा महिलाको शरीर माथि पुरुषको अधिकार हुन्छ। महिलाको सशक्तीकरण भएको अवस्थामा महिलाको आफ्नो शरीर माथि आफनै अधिकार हुन्छ। महिलाको आत्मनिर्णयको अधिकारको कुरा गर्दा कुन उमेरमा विवाह गर्ने वा गर्दै नगर्ने ? विवाह गर्ने भए को सँग गर्ने ? विवाह भइसके पछि श्रीमानसँग यौनसम्पर्क कुन बेला राख्ने ? गर्भवती हुने कि नहुने र हुने भए कुन बेला हुने ? गर्भ रहेको खण्डमा गर्भ राख्ने कि गर्भपतन गर्ने ? कतिवटा सन्तान जन्माउने ? परिवार नियोजनको साधन के कस्तो अपनाउने ? लगायतका विषयमा महिला आफैले निर्णय गर्न सक्ने अवस्था भए मात्र महिला सशक्तीकरण भएको मानिन्छ।

**स्रोत र साधन माथिको पहुंच र नियन्त्रणको अधिकार** : आदिवासी जनजाति महिलालाई स्रोत र साधनहरू माथि पहुँच मात्र नभएर नियन्त्रणको पनि अधिकार भए मात्र सशक्तीकरण भएको मानिन्छ। यस्तो स्रोत र साधनमा जमीन, घर जग्गा, आर्थिक स्रोत, शिक्षा, स्वास्थ्य, रोजगारी, शीप, खाद्यान्न, जल, जमीन, जंगल, खानी, चरण लगायतका सेवा पर्दछन्।

**भौतिक** : जग्गा जमीन, खेत, उद्योग धन्दा, व्यापार व्यवसाय लगायतका आर्थिक वा वित्तिय र मानव पूंजीमा आदिवासी जनजाति महिलाको स्वामित्व र नियन्त्रण भएमा आदिवासी जनजाति महिलाका सशक्तीकरण भएको मानिन्छ।

**चेतना जागरण** : आदिवासी जनजाति महिलाको चेतना जागरण, जातिय, लैङ्गिक, क्षेत्रगत विभेदको पहिचान, महिला, दलित, मधेशी र आदिवासी जनजातिका अधिकार र उनीहरूका आन्दोलनका बारेमा आलोचनात्मक सचेतना नै आदिवासी जनजाति महिला सशक्तीकरण हो।

**क्षमता अभिबृद्धी** : आदिवासी जनजाति महिलाको व्यक्ति र समुहको रुपमा ज्ञान, शीप, सूचना हुनु, अधिकारको दावी गर्न सँगठित र संस्थागत आवाज हुनु, जातिय, लैङ्गिक, क्षेत्रगत लगायतका सबै प्रकारका विभेद विरुद्ध सँगठित र संस्थागत आवाज हुनु, सहभागिता, नेतृत्व, संचार, जनसम्पर्क, कार्यालय व्यवस्थापन, र अनुगमन लगायतका विषयमा संस्थागत क्षमता अभिबृद्धी हुनु पनि आदिवासी जनजाति महिलाको सशक्तीकरण हो।

**प्रभाव पार्ने क्षमतामा अभिबृद्धी** : आदिवासी जनजाति महिलाले राज्यको केन्द्रीय वा संघीय, जिल्ला वा स्वायत्त राज्य, स्थानीय निकाय वा इलाका, नगर, गाउं, वडा लगायतका निर्णय, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय दातृ संस्थाका योजना, नीति, कार्यक्रम आदिमा प्रभाव पार्न सक्ने भयो भने सशक्तीकरण भएको मानिन्छ।

**सामुहिक शसक्तिकरण** : आदिवासी जनजातिको पहिचान, सामुहिक अधिकार, भौगोलिक सांध सिमाना, मातृभाषा, परम्परागत धर्म, संस्कृति र ज्ञानका साथै व्यावहारिक तहमा जन्म, विवाह, मृत्यू र बसाईसराई दर्ता, नागरिकता, मतदाता सूची, संस्था दर्ता, खाद्य सुरक्षा, रोजगारी, ऋण र बचत र अध्यात्मिक शान्ति आदि भयो भने पनि सशक्तीकरण भएको मानिन्छ।

**चाहेको काम गर्न सक्ने शक्ती** : शक्तीको अर्थ आफूले चाहेको काम गर्न सक्नु हो। लैङ्गिक हिसावले आदिवासी जनजाति महिलाले घर बाहिर काम गर्न चाहे, घर परिवार र काम गर्ने ठाउँमा नीति निर्णय गर्नपरे, सामाजिक, आर्थिक, राजनैतिक लगायतका क्षेत्रमा योगदान दिनचाहे गरेर देखाउन पाने सक्ने हुनु भनेको सशक्तीकरण हो। आदिवासी जनजातिको दृष्टिकोणबाट आदिवासी जनजातिको पहिचान कायम राख्ने, भूमि माथिको स्वामीत्व र अधिकार कायम राख्ने, मातृभाषा र परम्परागत ज्ञान पद्धतीलाई सम्वर्द्धन गर्ने लगायतका काम गरेर देखाउन सक्ने शक्ती हुनु भनेको सशक्तीकरण हो।

**आफूसाग भएको शक्ती** : आदिवासी जनजाति महिला सँगठित भएमा र अन्य संघ संस्थासँग सञ्जाल र ऐक्यबद्धताका साथ काम गरेमा आफूसँग भएको शक्ती हुनेछ। आफूसँग व्यक्तिगत वा सामुहिक हैसियतमा भएको शक्तीलाई राम्रा काममा प्रयोग गर्न सक्ने हुनु भनेको पनि सशक्तीकरण हो।

**आफूभित्र भएको शक्ती** : आफूमा आत्मविश्वास, साहस, आंट, जोश र जांगर भएमा आफूभित्र भएको शक्ती हुनेछ।

**समालोचनात्मक चेतनाको बिकास** : कुनै पनि व्यक्ति सशक्त हुनकालागि के कुरा सो व्यक्तिकालागि के कुरा राम्रो र के कुरा नराम्रो, के कुरा उपयोगी र के कुरा अनुपयोगी, के कुरा हानीकारक र के कुरा फायदाजनक भनेर छुट्याउन सक्ने हुनुपर्दछ। निरक्षर बस्नु नराम्रो हो साक्षर हुनु राम्रो हो, अशिक्षीत हुनु नराम्रो हो शिक्षीत हुनु राम्रो हो, फोहोरी हुनु नराम्रो हो सफा सुघ्घरी हुनु राम्रो हो, परनिर्भर हुनु नराम्रो हो स्वनिर्भर हुनु राम्रो हो, जुवा तास खेल्नु, जड्याहा हुनु र दुर्व्यसन गर्नु नराम्रो हो भन्ने चेतना पनि सशक्तीकरण हो।

महिलाको दृष्टिकोणबाट सशक्तीकरण भनेको महिलाका लागि के कुरा राम्रो र के कुरा नराम्रो, के कुरा उपयोगी र के कुरा अनुपयोगी, के कुरा हानीकारक र के कुरा फायदाजनक भनेर छुट्याउन सक्ने हुनु पर्दछ। घर परिवारमा पुरुष र महिला सदस्य विच अर्थात श्रीमान र श्रीमती बिच, छोरा र छोरी विच विभेद गर्न हुँदैन, समान व्यवहार गर्न पर्दछ भन्ने चेतना सशक्तीकरण हो। विवाहमा दाइजो लिन र दिन हुँदैन, महिला विरुद्ध हिंसा गर्न हुँदैन, चेली बेटी बेचविखन गर्न हुँदैन भन्ने जस्तो चेतना पनि सशक्तीकरण हो। पुरुषको उपस्थितीमा टाउको छोपेर बस्न र धक मानेर बोल्ने र आवश्यक पर्दा हिंडडुल नगर्ने राम्रो होइन, टाउको खोलेर, धक नमानेर बोल्ने र आवश्यक परेको ठाउंमा हिंडडुल गर्ने राम्रो हो भन्ने चेतना पनि सशक्तीकरण हो। श्रीमानले श्रीमतीलाई हेप्न पाउदैन, समान हैसियतमा सम्मान गर्न पर्छ, गलत व्यवहार गरे गलत हो भन्न पर्छ र श्रीमान र श्रीमती सँगै बस्न नसकिने भए पारपाचुके गर्न पर्छ भन्ने चेतना पनि सशक्तीकरण हो। श्रीमानले बाहिरकोमात्र काम गर्ने र श्रीमतीले घरको काम गर्न पर्छ भन्ने छैन, दुवैले घरभित्र र बाहिरको काम गर्न पर्छ र एक अर्कालाई सहयोग गर्न पर्छ भन्ने चेतना पनि सशक्तीकरण हो।

आदिवासी जनजातिको दृष्टिकोणबाट सशक्तीकरण भनेको व्यक्तिको मात्र नभएर सामुहिक रुपमा जातीय समुहकालागि के कुरा राम्रो र के कुरा नराम्रो, के कुरा उपयोगी र के कुरा अनुपयोगी, के कुरा हानीकारक र के कुरा फायदाजनक भनेर छुट्याउन सक्ने हुनुपर्दछ। छोराछेरीलाई खस नेपाली भाषा र अंग्रेजी भाषामात्र सिकाउनु नराम्रो हो, मातृभाषा पनि सिकाउनु राम्रो हो, अरुको पहिरण मात्र लगाउनु नराम्रो हो, आफ्नो परम्परागत भेषभुषा पनि लगाउनु राम्रो हो, परम्परा गलत छ भने विभेदकारी छ भने नराम्रो हो, विभेदकारी छैन भने राम्रो हो भन्ने चेतना पनि सशक्तीकरण हो।

**गतिशीलता र दृश्यता** : लैङ्गिक दृष्टिकोणबाट हरेक महिलाले घर वाहिरको सरकारी, गैरसरकारी वा नीजि क्षेत्रका जागीर खाने काम गर्ने, आयआर्जनका काम गर्ने, घर बाहिर निसंकोच घुमफीर गर्ने, बजारमा किनमेल देखी कार्यक्रममा भाग लिन जाने, समुदायको कामहरूमा सकृयतापुर्व भाग लिने, महिला आन्दोलन र अन्य अधिकारमुखी आन्दोलनमा सकृयतापुर्वक भाग लिने जस्ता काम गर्नु भनेको सशक्तीकरण हुनु हो।

आदिवासी जनजातिका दृष्टिकोणबाट आदिवासी जनजाति महिलाहरू आर्यआर्जन, घर बाहिर हींडडुल जस्ता कामहरूमा बाहुन क्षेत्री महिला भन्दा सशक्त भए पनि राजनीतिक नेतृत्व लिने काम, जागीर खाने काम, आदिवासी जनजाति

---

पंक्तिकार राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापक सदस्य र सल्लाहकार, आदिवासी जनजाति महिला सञ्जालको उपाध्यक्ष, थकाली महिला संघको सल्लाहकार र संस्थापक पूर्व अध्यक्ष, थकाली सेवा समितिको केन्द्रीय समितिको सदस्य र नेपाल सरकारको राष्ट्रिय विकास परिषदको सदस्य हुनुहुन्छ।

CamScanner

र अन्य अधिकारवादी आन्दोलनमा लाग्ने काममा सक्रियतापुर्वक भाग लिने जस्ता काम गर्नु भनेको सशक्तीकरण हुनु हो।

**निर्णय क्षमता** : घर परिवार, समुदाय र आफू संलग्न संघ-संस्था र कार्यालयमा परेको वेला आफैले आवश्यक निर्णय लिन सक्नु सशक्तीकरण हो। लैङ्गिक दृष्टिकोणबाट आर्थिक लेनदेन वा कारोवार, सम्पत्ति खरीद विकी, शिक्षा र स्वास्थ्य लगायतका सेवा सुविधा लिने लगायतका कुराहरूमा आदिवासी जनजाति महिलाले निर्णय गर्न सक्ने क्षमता हुनु सशक्तीकरण हो।

**आर्थिक सुरक्षा** : घर परिवारका सबै काम गर्न सक्ने सदस्यहरूले काम नगरे परिवारको आर्थिक अवस्था सुदृढ नहुन सक्छ। महिलाले पनि उद्योग धन्दा चलाउने, वन्द व्यापार गर्ने, घर जग्गा र शेयर किनवेच गर्ने, नयां शीप सिक्ने लगायतका काममा संलग्न हुनु सशक्तीकरण हो।

**सहयोगात्मक सामुहिक प्रयास** : आदिवासी जनजाति महिलाले सँगठित भएर गैरआदिवासी जनजाति महिला र महिला अधिकारकालागि काम गर्ने संघ संस्था, विदेशका महिला र महिला अधिकारका लागि काम गर्ने संघ संस्था, सरकारी, गैरसरकारी र विदेशी दातृसंस्थासँग सहकार्य गर्ने काम पनि सशक्तीकरण हो। सबै प्रकारका जातिय, भाषिक, धार्मिक र सांस्कृतिक विभेद बिरुद्ध र सबै प्रकारका लैङ्गिक विभेद विरुद्ध लड्न सक्ने क्षमता भएमा आदिवासी जनजाति महिलाको सशक्तीकरण भएको मानिन्छ।

**नेपालको सन्दर्भमा यी सिद्धान्तहरूको उपयोगिता** : आदिवासी जनजाति र मधेशी आन्दोलनले तात्कालीन सन्दर्भमा समावेशीकरण खोजे पनि मूलत: जातीय स्वायत्तता खोजेको हो र स्वायत्तता भित्र समावेशीकरणलाई आत्मसात गर्न खोजेको हो। बाहुनी क्षेत्रिनी र दलित महिलाको आन्दोलनले समावेशीकरण खोजेको हो भने आदिवासी जनजाति र मधेशी महिलाको आन्दोलनले तात्कालीन सन्दर्भमा समावेशीकरण खोजे पनि मूलत: जातीय स्वायत्तता खोजेको हो र स्वायत्तता भित्र समावेशीकरणलाई आत्मसात गर्न खोजेको हो। नेपालमा राज्यले, गै.स.स. लगायतका नागरिक समाजले र दातृ निकायहरूले समावेशीकरणको अवधारणाको दुरुपयोग गरेको छ। समावेशीकरण भनेको के हो भन्ने सम्बन्धमा अन्यौलता छ, प्रष्टता छैन।

# लैङ्गिक मूलप्रवाहीकरण

– यशो कान्ति भट्टचन (गौचन)

सन् १९९० को दशकदेखी लैङ्गिक मूलप्रवाहीकरणको कुरा धेरै उठेको छ। लैङ्गिक मूलप्रवाहीकरण भनेको के हो भन्ने सम्बन्धमा मूख्यत: चारवटा फरक धारणा छन्।

पहिलो विचारअनुसार लैङ्गिक मूलप्रवाहीकरण भनेको सबै थोक हो। यो एउटा दर्शन हो। यो जनवकालत हो। यो प्राज्ञिक बहस हो। यो आन्दोलन हो। यो विकासमा लैङ्गिक समानता हो। यो सिद्धान्त हो। यो नीति हो। यो कार्यक्रम हो। यो मार्गदर्शन हो। यो कार्य योजना हो। युनिफेम (UNIFEM) ले सन् १९९५ मा प्रकाशीत गरेको राष्ट्रिय विकासमा लैङ्गिक मूलप्रवाहीकरण (Mainstreaming Gender Consideration in National Development) मा महिलालाई फायदा पाउने लक्षित वर्ग वा कल्याणकारी कुरा भन्दा पनि राष्ट्रिय विकासमा प्रमुख खेलाडीको हैसियतामा समाहित गर्नु लैङ्गिक मूलप्रवाहीकरण हो भनेको छ। विश्व महिला सम्मेलनको कार्य योजना अनुसार लैङ्गिक मूलप्रवाहीकरणलाई एउटा प्रकृयाको रुपमा लिइएको छ। हरेक तह र क्षेत्रका कानून, नीति, कार्यक्रम लगायतका योजनाबद्ध कार्यहले महिला र पुरुषलाई के कस्तो असर पार्दछ भनेर मूल्यांकन गर्ने प्रकृया नै लैङ्गिक मूलप्रवाहीकरण हो। राजनैतिक र सामाजिक क्षेत्रमा कुनै पनि नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्दा महिला र पुरुष दुवैलाई समान फायदा पुगोस र असमानतालाई निरन्तरता नदेवस भनेर महिला र पुरुष दुवैका चासो र सरोकारलाई ध्यान दिने रणनीति नै लैङ्गिक मूलप्रवाहीकरण हो।

दोस्रो थरिको विचार अनुसार महिला सशक्तीकरणको व्यापक लक्ष हासिल गर्नका लागि पहिलो पाइला नै लैङ्गिक मूलप्रवाहीकरण हो। संयुक्त राष्ट्रसंघीय जनसंख्या कार्यक्रमकालागि कोष (UNFPA) ले सन् १९९७ मा प्रकाशीत गरेको मीना अचार्यले लेख्नु भएको पुस्तक लैङ्गिक समानता र महिलाको सशक्तीकरण (Gender Equality & Empowerment of Women) मा उल्लेख भए अनुसार मूलप्रवाहीकरण सशक्तीकरणको प्रकृयाको शुरुवात हुन सक्दछ यदी यसलाई विचैमा तुहिन दिइएन भने। विभीन्न मन्त्रालयका विषयगत क्षेत्रहरुका कार्यक्रमहरूले महिलालाई नसमेटने भएकोले महिलालाई मात्र लक्षित गरेको कार्यक्रममा जोड दिने गरेका भएपनि लैङ्गिक मूलप्रवाहीकरणको दृष्टिकोणवाट कुरा गर्दा सबै तह र क्षेत्रका कार्यक्रमलाई लैङ्गिक दृटिकोणले हेरिनु पर्दछ भन्ने नै हो।

तेस्रो थरिका विचारअनुसार लैङ्गिक मूलप्रवाहीकरण भनेको समतामूलक र दिगो विकासको अभिन्न अङ्ग हो। युएनडिपी (UNDP) ले प्रकाशीत गरेको लैङ्गिक सन्दर्भ निर्देशक वा लैङ्गिक समताको मूलप्रवाहीकरण (Gender reference Guide/Mainstreaming Gender Equity) पुस्तकमा उल्लेख भएअनुसार लैङ्गिक मूलप्रवाहीकरणमा लैङ्गिक समतालाई वढी जोड दिइन्छ। लैङ्गिक समता भनेको आफैमा साध्य नभएर लैङ्गिक समानता प्राप्तीको रणनीति हो।

चौथो थरिको विचारअनुसार लैङ्गिक मूलप्रवाहीकरण भनेको जातीय, भाषिक, धार्मिक, क्षेत्रगत र वर्गीय आधारमा हुने सामाजिक विभेद, गरीवी, सशक्तीकरण, अधिकार, लगानी, सुरक्षा, आवाज लगयातका लैङ्गिक सवाल, नीति र योजनाको कार्यान्वयन र सरकारी र गैर-सरकारी संस्थाहरूको संलग्नता आदिलाई ध्यानमा दिने भने कै लैङ्गिक मूलप्रवाहीकरण हो।

व्यवहारमा लैङ्गिक मूलप्रवाहीकरण भनेको जातिगत आधारमा वाहुन क्षेत्री, धर्म र संस्कृतिका आधारमा हिन्दू धर्म र संस्कृति, भाषिक अधारमा खस नेपाली र संस्कृत भाषाका सांचोहरूमा गैर हिन्दू महिलाहरूलाई ढाल्नेजस्तो भएको देखिन्छ। यो गलत कार्य हो। लैङ्गिक समता र समानताका कुराहरू पश्चीमी अवधारणाका रुपमा बुझ्ने गरिन्छ। वास्तवमा खस नेपाली भाषा र हिन्दू धर्म र संस्कृतिको प्रभावमा नपेरका आदिवासी जनजातिका समुदायमा लैङ्गिक समता र समानताका उदाहरण प्रशस्त देख्न पाइन्छ। आदिवासी जनजातिका लैङ्गिक समता र समानताका उदाहरणीय पक्षलाई संरक्षण, सम्बर्द्ध र प्रवर्द्धन गर्ने कुरालाई पनि लैङ्गिक मूलप्रवाहीकरणको रुपमा लिन आवश्यक छ।

**तपाई पनि राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिबृद्धी गर्न सहयोग पुऱ्याउन चाहानुहुन्छ भने हामीलाई सामाग्री पठाई सहयोग गर्नुहोस्। हामी तपाईले पठाउनु भएको उचित सामाग्री त्रैमासिक बुलेटिन वा रेडियो मार्फत प्रसारण गर्नेछौं।**

हामीलाई सामाग्री पठाउने ठेगाना :

तारा दर्जी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला बिकास समितिको कार्यालय, संखुवासभा
सिर्जना आले मगर, जिल्ला परियोजना सहजकर्ता, जिल्ला बिकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक
संगीता अधिकारी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला बिकास समितिको कार्यालय, लम्जुङ
लक्ष्मी चौधरी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला बिकास समितिको कार्यालय, बांके
सुनिता बसुवा (दर्जी), जिल्ला परियोजना सहजकर्ता, जिल्ला बिकास समितिको कार्यालय, कञ्चनपुर

वा हाम्रो पोष्ट बक्स नम्बर : ११९२३, काठमाडौं
ईमेल : ppukorg@wlink.com.np

CamScanner